# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, पौष ३ गते, २०८१ साल (संख्या १४


## भाग-३

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

### विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८१

**प्रस्तावनाः** कर्णाली प्रदेशमा विभिन्न प्रकारका विपद्का घटनामा परेका नागरिकको खोज, उद्धार, राहत र पुनर्स्थापनाका कार्यमा संलग्न जुनसुकै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाको साहसिक कार्यको उच्च प्रशंसा गर्दै पुरस्कृत र सम्मान गरी विपद् व्यवस्थापनका कार्यमा स्वतः स्फूर्त सहभागिता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने विपद् साहसिक पुरस्कार सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "विपद्" अन्तर्गतः-

(१) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(२) “गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

(घ) “समिति” भन्नाले दफा ३ बमोजिम गठन भएको पुरस्कार वितरण छनौट समिति सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

३. **<u>पुरस्कार वितरण छनौट समिति सम्बन्धि व्यवस्था:</u>** (१) यस कार्यविधि बमोजिम पुरस्कार वितरण प्रयोजनको लागि एक पुरस्कार वितरण छनौट समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) प्रतिनिधि, नेपाली सेना | -सदस्य |
| (घ) प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (ङ) प्रतिनिधि, सशस्त्र प्रहरी बल, कर्णाली प्रदेश | -सदस्य |
| (च) प्रतिनिधि, नेपाल रेडक्रस, कर्णाली प्रदेश | -सदस्य |
| (छ) महाशाखा प्रमुख, शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन, मन्त्रालय | -सदस्य- सचिव |

(२) समितिले आवश्यकता अनुसार बैठकमा विषय विज्ञ वा सम्बन्धित निकायका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछः-

(क) विपद्मा परेका नागरिकको खोज, उद्दार, राहत र पुनर्स्थापनाका कार्यमा संलग्न व्यक्ति वा संस्थाको पहिचान गरी विवरण संकलन गर्ने,

(ख) खण्ड (क) बमोजिमको व्यक्ति वा संस्थाको योगदानको बारेमा जानकारी लिने,

(ग) खण्ड (ख) बमोजिमका व्यक्ति वा संस्थाको योगदानको विश्लेषण गरी प्राथमिकता निर्धारण गर्ने,

(२) समितिले पुरस्कार वितरण गर्ने प्रयोजनका लागि माथिल्लो प्राथमिकता क्रममा परेका बढीमा पाँच जना योग्य व्यक्तिको नाम मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) यस दफा बमोजिम पुरस्कार वितरण गर्ने प्रयोजनका लागि मन्त्रालयले प्रदेशका मन्त्रालय र जिल्ला प्रशासन कार्यालयलाई दफा ५ को आधारमा रहने गरी व्यक्ति वा संस्थाको नाम सिफारिस गर्न पैंतीस दिनको समयावधि दिई पत्राचार गर्नुपर्नेछ।

५. **पुरस्कार वितरणको लागि लिइने आधारः** (१) पुरस्कार वितरणका लागि छनौट गर्दा देहाय बमोजिमका आधार लिनुपर्नेछः-

(क) विपद्मा परी क्षतविक्षत भएका भग्नावशेषलाई हटाएर त्यहाँ भित्र फसेका नागरिकको उद्दार कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको,

(ख) विपद्का समयमा नागरिकको जीउधनको सुरक्षामा निरन्तर खटेको,

(ग) विपद्मा परी मृत्यु भएका मृतकको खोजी गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहेको,

(घ) विपद्को समयमा असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहयोग पु-याएको,

(ङ) खोज, उद्दार, राहत र पुनर्स्थापनामा आवश्यक समन्वय, योजना निर्माण, स्रोतको पहिचान तथा परिचालन, सूचना व्यवस्थापनका कार्यमा प्रत्यक्ष भूमिका खेलेको,

(च) महामारीको समयमा संक्रमितहरुको पहिचान, स्वास्थ्य परीक्षण, क्वारेन्टिन र स्वास्थ्य उपचार व्यवस्थापनको क्षेत्रमा उच्च जोखिम बहन गरेको।

(२) उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त सबैभन्दा बढी जोखिम बहन गरी विपद् उद्दार कार्यमा खटिएको व्यक्तिलाई प्राथमिकता दिइनेछ।

(३) उपदफा (२) बमोजिमको उद्दार कार्यमा संलग्न रहेको व्यक्तिको मृत्यु हुन गएमा निजलाई समेत छनौट कार्यका लागि प्राथमिकतामा राख्नुपर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपदफा (१) मा उल्लिखित आधार मध्ये सबैभन्दा बढी आधार पूरा गरेको व्यक्तिलाई यस कार्यविधि बमोजिम पुरस्कारको लागि नाम सिफारिस गर्दा प्राथमिकतामा राख्नुपर्नेछ।

६. **पुरस्कारको स्वीकृति तथा वितरण:** (१) समितिले सिफारिस गरेका पुरस्कार प्राप्त गर्न योग्य व्यक्ति वा संस्थाको नाम मन्त्रालयले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको लागि सिफारिस भएका व्यक्ति वा संस्थालाई मन्त्रालयले महत्वपूर्ण अवसर वा दिवसमा पुरस्कृत गर्नेछ।

७. **पुरस्कारको रकमः** (१) पुरस्कार वापत प्रत्येक व्यक्ति वा संस्थालाई बढीमा जनही पचास हजार रुपैयाँ रकम सहित प्रमाणपत्र प्रदान गरिनेछ।

(२) दफा ५ को उपदफा (३) बमोजिमको व्यक्ति पुरस्कृत हुने भएमा निजको सबैभन्दा नजिकको हकवालालाई पुरस्कार वितरण गरिनेछ।

८. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** यो कार्यविधि प्रारम्भ हुनु अघि विपद् साहसिक पुरस्कार वितरण सम्वन्धमा भए गरेका सम्पुर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

९. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१०. **खारेजी र बचाऊ:** (१) विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) विपद् साहसिक पुरस्कार वितरण कार्यविधि, २०८० बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

निर्णय भएको मितिः २०८१/०८/०१

आज्ञाले,
पुष्प राज शाही
प्रदेश सरकारको सचिव

---

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय